

# सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोग गर्ने सम्बन्धी निर्देशिका २०७१

नेपाल सरकार (मन्त्रिपरिषद) बाट
मिति २०७१/०१/१७ मा स्वीकृत





नेपाल सरकार
उद्योग मन्त्रालय

## सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोग गर्ने सम्बन्धी निर्देशिका, २०७१

**प्रस्तावना:** मुलुकको सर्वतोमुखी विकासका लागि स्थानीय स्तरमा प्रचुर मात्रामा उपलव्ध श्रोत र साधनको यथासम्भव र भरपुर उपयोग गर्दै परम्परागत कृषि र विप्रेषणमा आधारित विद्यमान अर्थतन्त्रलाई रोजगारी र आय आर्जनको फराकिलो अवसरको रुपमा लिई मुलुकलाई औद्योगिकरणतर्फ उन्मुख गर्न स्वदेशी उद्योग र व्यवसायको संरक्षण र सम्वर्द्धन अति जरुरी भएको परिप्रेक्ष्यमा विशेष गरेर सार्वजनिक निकायहरुबाट स्वदेशी वस्तुको उपयोग गर्ने नीतिलाई थप प्रभावकारी रुपमा कार्यान्वयन गर्न वान्छनीय भएकोले सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यो निर्देशिका बनाई जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:**
(१) यस निर्देशिकाको नाम "सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोग गर्ने सम्बन्धी निर्देशिका, २०७१" रहेको छ ।
(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,
(क) "उपसमिति" भन्नाले दफा १५ बमोजिम गठित कार्यान्वयन उपसमिति सम्झनु पर्छ ।
(ख) "समिति" भन्नाले दफा १३ बमोजिम गठित केन्द्रीय कार्यान्वयन तथा अनुगमन समिति सम्झनु पर्छ ।
(ग) "सार्वजनिक निकाय" भन्नाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २ को खण्ड (ख) मा उल्लेख भएका निकायहरु सम्झनु पर्दछ ।
(घ) "स्वदेशी वस्तु" भन्नाले स्वदेशी कच्चा पदार्थको उपयोग गरी उत्पादित मालसामान वा वस्तु सम्झनुपर्दछ र सो शव्दले विदेशबाट आयात गरी नेपालमा ब्राण्डिङ गरिएका मालसामान वा वस्तु बाहेक विदेशी कच्चापदार्थ प्रयोग गरी कम्तीमा तीस प्रतिशत मूल्य अभिवृद्धि भएको स्वदेशमा निर्माण वा जडान वा उत्पादन भएको मालसामान वा वस्तु समेतलाई जनाउँछ ।

३. **सार्वजनिक निकायले स्वदेशी वस्तु खरिद गर्नुपर्ने:**
(१) सार्वजनिक निकायले आफूले उपयोग गर्ने दफा ४ मा उल्लिखित मालसामान वा वस्तु खरिद गर्दा उपलब्ध भएसम्म यस निर्देशिकाको अधीनमा रही स्वदेशी वस्तु नै खरिद गर्नुपर्नेछ । सो बमोजिम उपलब्ध हुन नसकेमा मात्र अन्य मुलुकबाट आयात गरिएका वस्तुहरु समेत खरिद गर्न सकिनेछ ।
(२) उपदफा (१) बमोजिम स्वदेशी वस्तु खरिद गर्दा त्यस्ता वस्तु नेपाल गुणस्तर प्रमाण चिन्ह प्राप्त गरेका वा देहाय बमोजिमको मापदण्ड पूरा गरेको हुनुपर्नेछ ।
(क) नेपाल सरकारले तोकेको निकायमा दर्ता भएका उद्योगबाट उत्पादित वस्तु ।
(ख) परम्परागत सीप तथा प्रविधि प्रयोग गरी स्थानीयस्तरमा उत्पादित सामग्री ।
(३) सार्वजनिक निकायले खरिद गर्ने मालसामान वा वस्तुको उत्पतिको प्रमाणपत्र सम्बन्धित जिल्लाका नेपाल घरेलु तथा साना उद्योग महासंघको जिल्ला शाखा वा नेपाल उद्योग वाणिज्य संघले प्रमाणित गर्नेछ ।

४. **सार्वजनिक निकायले आफ्नो उपयोगको लागि खरिद गर्नुपर्ने मालसामान वा वस्तु:**
(१) सार्वजनिक निकायले आफ्नो उपयोगको लागि देहायका कुनै मालसामान वा वस्तु खरिद गर्दा यस निर्देशिकाको अधीनमा रही स्वदेशी वस्तु नै खरिद गर्नु पर्नेछ:
(क) स्टेशनरी, कार्यालय सामान तथा सुरक्षण मुद्रण बाहेकका छपाई सम्बन्धी र कार्यहरु:-
(१) नेपाली हातेकागज तथा कागजबाट निर्मित सामग्रीहरु,
(२) ब्राउन पेपर, पेन्सील, डट्पेन, नेपाली खाम, नोटबुक, डायरी, चक, बोर्ड मार्कर, फाइल लगायतका सामग्री ।
(ख) पोशाक (पोशाकमा उपयोग हुने कपडा समेत), कोसेली तथा उपहारका समानहरु:-
(१) गलैंचा तथा ऊनी कार्पेट, पटयार, फोमहरु
(२) अल्लो, केतुकि, केराको रेसा लगायत अन्य प्राकृतिक रेशा आदि जस्ता स्थानीय कच्चापदार्थहरुबाट निर्मित कपडाहरु
(३) ऊन तथा ऊनवाट निर्मित विभिन्न प्रकारका वस्तुहरु
(४) ढाका तथा ढाकाजन्य सामानहरु
(५) पश्मिना तथा पश्मिनाका उत्पादनहरु
(६) जुट तथा जुटबाट निर्मित सामग्रीहरु
(७) पोशाकमा उपयोग हुने टोपी, जुत्ता, सभा-सम्मेलनमा उपयोग हुने झोला, व्याग तथा व्याचहरु, पेटी तथा अन्य सामानहरु,
(८) परम्परागत हस्तकला, काष्ठकला, मूतिर्कला, चित्रकला तथा प्रस्तरका सामग्रीहरु
(९) गुडिया, खेलौना, पुतली आदि जस्ता सामग्रीहरु ।
(ग) फनिर्चर, फनिसिर्ङ तथा साजसज्जाका सामग्रीहरु:-
(१) काठबाट निर्मित फर्निचर, डाइनिङ्ग टेबुल, प्लाइउड, वेत तथा बाँसका सामग्री, अम्लिसो तथा निगालोबाट तयार भएका सामग्री,
(२) कार्पेट, पर्दा, तौलिया, बेडसिट, तकिया, तन्ना लगायत अन्य फर्निसिङ्गका सामान,
(३) टेबुल पोस/म्याट, गमला, टी-म्याट लगायतका अन्य साज-सज्जाका सामान ।
(घ) मेसिनरी औजार तथा विजुलीका उपकरणहरु:-
(१) ट्रान्सफरमर,
(२) नविकरणीय उर्जासंग सम्बन्धित सामग्री,
(३) बाईण्डिङ वायर अफ कपर/ब्रास,
(४) बिजुलीका चिम, ट्यूवलाईट एवं विद्युतीकरणसँग सम्बन्धित मालसामानहरु,
(५) कम्प्युटर सफ्टवेयर,
(६) सुरुखा ब्याट्री,
(७) धान चुट्ने मेशिन (थ्रेसर) लगायत कृषि कार्यमा प्रयोग हुने अन्य मेशिन तथा विभिन्न प्रकारका उपकरणहरु ।
(ङ) निर्माण सामग्रीहरु:-
(१) सिमेन्ट, छड, ईट्टा, टायल,
(२) रंगरोगनका सामग्रीहरु,
(३) फाईबर तथा धातुजन्य वस्तुहरु,
(४) फ्लोर टायल, स्ट्रक्चरल स्टीलका सामानहरु,
(५) वन पैदावार प्रतिस्थापन गर्ने सामग्रीहरु ।
(च) कृषि तथा पशुजन्य उत्पादन र सबै प्रकारका खाद्य वस्तुहरु:-
(१) दही, दुध तथा दुधका विभिन्न परिकारहरु,
(२) अण्डा, माछामासु र मासुजन्य पदार्थहरु,
(३) सूर्यमुखी फूलको बीउ, तरकारीका बीउ, भट्मास, मल, बीउ-बीजन जस्ता वस्तुहरु,
(४) खाने तेल, वनस्पती घ्यू जस्ता पदार्थहरु,
(४) चिया, अलैंची, ल्वाङ, अदुवा मसला जस्ता वस्तुहरु,
(५) सबै प्रकारका फलफूल र फलफूलबाट तयार भएका खाद्य तथा पेय पदार्थहरु,
(६) मिनरल वाटर, प्रशोधित पिउने पानी (बोतल/जार) लगायत हल्का पेय पदार्थ तथा अन्य खाद्यवस्तुहरु,
(छ) प्राकृतिक जडिवुटिजन्य वस्तुहरु,नेपालमा उत्पादित आयुर्वेदिक लगायत सबै प्रकारका औषधीहरु ।
(ज) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समय समयमा तोकेका अन्य मालसामान तथा वस्तुहरु ।

(२) सार्वजनिक निकायले उपदफा (१) बमोजिमको स्वदेशी वस्तु खरिद गर्दा विदेशी मालसामान वा वस्तुको मूल्यको तुलनामा सार्वजनिक खरिद ऐन तथा सालबसाली आर्थिक ऐन बमोजिम बढी मूल्य भएतापनि स्वदेशी वस्तु नै खरिद गर्नुपर्नेछ ।

५. **स्वदेशी वस्तुको खरिद प्रक्रिया:**
(१) यस निर्देशिकामा भएका प्रावधानहरुका अतिरिक्त सार्वजनिक निकायले स्वदेशी वस्तु खरिद गर्दा प्रचलित सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावलीका अधीनमा रही खरिद गर्नुपर्नेछ ।
(२) उपदफा (१) मा उल्लेखित व्यवस्था बाहेक स्वदेशी र विदेशी वस्तुहरुले प्रतिस्पर्धा गर्न पाउने गरी बोलपत्रद्वारा खरिद गर्दा दफा ४ को उपदफा (२) मा उल्लिखित हदसम्मको बढी मूल्य भएपनि स्वदेशी वस्तुनै खरिद गर्नुपर्नेछ ।
(३) उपदफा (२) बमोजिम प्रतिस्पर्धा गराउँदा कम्तीमा तिन प्रतिस्पर्धी सहभागी हुनु पर्नेछ । यसरी तिन प्रतिस्पर्धी उपलब्ध हुन नसकेको अवस्थामा एक तह माथिको तालुक निकायको अनुमतिमा सो भन्दा कम प्रतिस्पर्धी भएपनि स्वदेशी वस्तु खरिद गर्न सकिनेछ ।

तर प्रतिस्पर्धीहरुले मिलोमतो गरी प्रतिस्पर्धामा सहभागी हुन पाउने छैनन् । त्यसैगरी उत्पादक र सो को एजेन्ट (डिलर वा आपूर्तिकर्ता) ले एकैपटक सिलबन्दी दरभाउपत्र वा वोलपत्र भर्न पाउने छैनन् ।

६. **सोझै खरिद गर्दा पुरा गर्नुपर्ने शर्त:**
दफा ५ को उपदफा (१) बमोजिम स्वदेशी वस्तु उत्पादकबाट सोझै खरिद गर्दा देहायको शर्त पूरा भएको हुनु पर्नेछ:-
(क) उत्पादकले आफ्नो उत्पादनको खुद्रा तथा डिलर विक्री मूल्यसूची राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गरेको हुनुपर्नेछ ।
तर राष्ट्रिय स्तरका दैनिक पत्रिकाको पहुँच कठिन भएका स्थानमा स्थानीयस्तरमा निरन्तर रुपमा प्रकाशित हुने पत्रपत्रिकामा कम्तिमा दुईपटक प्रकाशित गरेको हुनुपर्नेछ ।
(ख) उत्पादकले स्थानीय डिलरलाई दिएसरहको छुट वा थोक मूल्य, त्यस्तो स्वदेशी वस्तु सोझै खरिद गर्ने सार्वजनिक निकायलाई बीलमा नै उल्लेख गरिदिएको हुनुपर्नेछ ।

७. **उत्पादक सूचीकृत हुनुपर्ने:**
(१) सार्वजनिक निकायलाई स्वदेशी वस्तु उपलब्ध गराउन चाहने र त्यस्तो वस्तुको उत्पादकले सार्वजनिक निकाय समक्ष उत्पादनको प्रमाणपत्र, उत्पादनको गुणस्तर र मापदण्ड सहितको विवरण संलग्न राखी आफ्नो नाम सूचीकृत गराउनु पर्नेछ ।
(२) सार्वजनिक निकायले आफूसमक्ष सूचीकृत भएका उत्पादकको विवरण सार्वजनिक गर्नुपर्नेछ ।

८. **गुणस्तरीय वस्तु खरिद गर्नुपर्ने:**
सार्वजनिक निकायले स्वदेशी वस्तु खरिद गर्दा उपसमितिले निर्धारण गरे बमोजिमको गुणस्तरीय वस्तुमात्र खरिद गर्नुपर्नेछ ।

९. **मूल्यसम्बन्धी व्यवस्था:** स्वदेशी वस्तुको उत्पादन गर्ने उत्पादकले आफ्नो उत्पादनको मूल्य तोक्नुपर्नेछ । यसरी तोकिएको मूल्यलाई प्रतिस्पर्धी वस्तुको मूल्य, बजार अवस्था, वस्तुको गुणस्तर र उत्पादन प्रणाली समेतलाई आधार लिई उपसमितिले निरीक्षण तथा अनुगमन गरी वस्तुको मूल्यमा थपघट समेत गर्न सक्नेछ ।

१०. **कर्मचारी पोशाकमा स्वदेशी सामग्रीको प्रयोग गर्नुपर्ने:** सार्वजनिक निकायमा कार्यरत कर्मचारीले उपलब्ध भएसम्म स्वदेशी बस्तुबाट निर्मित पोशाक प्रयोग गर्नु पर्नेछ । सोको अनुगमन केन्द्रीयस्तरमा आ-आफ्नो निकाय, विभाग वा कार्यालयको हकमा सम्बन्धित मन्त्रालयले गर्नुपर्नेछ । साथै सार्वजनिक संस्था र निकायहरुको हकमा सम्बन्धित संस्थाको कार्यालय प्रमुखबाट गर्नुपर्ने र जिल्लास्तरमा जिल्ला प्रशासन कार्यालयले अनुगमन गरी सोको अभिलेख राख्नु पर्नेछ ।

११. **स्वदेशी वस्तुको अधिकतम उपयोग गर्ने सार्वजनिक निकायलाई पुरस्कार:** स्वदेशी वस्तुको अधिकतम् उपयोग गर्ने जिल्ला, अञ्चल, क्षेत्रीय र केन्द्रीयस्तरका सार्वजनिक निकायका कार्यालयहरु मध्येबाट प्रत्येक जिल्लाको प्रतिनिधित्व हुनेगरी प्रत्येक वर्ष कम्तीमा एक कार्यालय र क्षेत्रीय, विभागीय र केन्द्रीय स्तरका पाँच वटा कार्यालयहरु पर्ने गरी उपसमितिले गरेको सिफारिस समेतका आधारमा समितिको सिफारिशमा उद्योग मन्त्रालयले पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्ने व्यवस्था मिलाउनेछ ।

१२. **स्वदेशी वस्तुको उपयोगको अनुगमन:**
(१) सार्वजनिक निकायहरुले उपयोग गर्ने स्वदेशी वस्तुको खरिद वा उपयोग गर्दा यस निर्देशिका बमोजिम गरे नगरेको सम्बन्धमा स्थानीयस्तरमा आफ्नो कार्यक्षेत्रभित्र रहेका सार्वजनिक निकायको परिभाषाभित्र परेका जुनसुकै निकायहरुका उपसमितिले केन्द्रीस्तरमा सम्बन्धित मन्त्रालय र अन्य सार्वजनिक संस्था वा निकायहरुमा आ-आफ्नो तालुक निकायहरुबाट नियमित अनुगमन गरी सोको प्रतिवेदन समितिको सचिवालयमा पठाउनु पर्नेछ ।
(२) महालेखा नियन्त्रक कार्यालय मातहतका निकायहरु र महालेखा परीक्षकको कार्यालयबाट आन्तरिक तथा अन्तिम लेखापरीक्षण गर्दा सार्वजनिक निकायहरुले स्वदेशी वस्तुको उपयोग गर्दा यस निर्देशिका बमोजिम गरे नगरेको विषयलाई समेत आधार मानी लेखापरीक्षण गरी सो को प्रतिवेदन महालेखा नियन्त्रक कार्यालय, महालेखा परीक्षकको विभाग र सम्बन्धित तालुक निकायहरुमा पठाउनुपर्नेछ ।
(३) उपदफा (१) र (२) बमोजिम प्राप्त प्रतिवेदनको आधारमा यो निर्देशिकाको पालना गरेको नदेखिएमा जुनसुकै स्तरको कर्मचारी भएपनि समितिको समेत राय लिई वा सिफारिसमा त्यस्ता कर्मचारी वा निकायलाई सम्बन्धित निकायले तत्काल ध्यानाकर्षण गराउनेछ ।

१३. **केन्द्रीय कार्यान्वयन तथा अनुगमन समिति:**
(१) यस निर्देशिकालाई प्रभावकारी रुपमा कार्यान्वयन तथा अनुगमन गर्न केन्द्रीय स्तरमा देहाय बमोजिमका सदस्य भएको केन्द्रीय कार्यान्वयन तथा अनुगमन समिति रहनेछ:-
(क) सचिव, उद्योग मन्त्रालय -संयोजक
(ख) सह-सचिव, औद्योगिक प्रवर्द्धन महाशाखा, उद्योग मन्त्रालय -सदस्य
(ग) सहसचिव, सार्वजनिक खरीद अनुगमन कार्यालय -सदस्य
(घ) सह-महालेखा नियन्त्रक, महालेखा नियन्त्रक कार्यालय -सदस्य
(ङ) नेपाल उद्योग वाणिज्य महासंघको अध्यक्ष वा निजले तोकेको सो महासंघको एक जना प्रतिनिधि -सदस्य
(च) नेपाल घरेलु तथा साना उद्योग महासंघ अध्यक्ष वा निजले तोकेको सो महासंघको एक जना प्रतिनिधि -सदस्य
(छ) अध्यक्ष, राष्ट्रिय लघु उद्यमी महासंघ -सदस्य
(ज) उप-सचिव, औद्योगिक प्रवर्द्धन शाखा, उद्योग मन्त्रालय -सदस्य सचिव
(२) समितिमा आवश्यकता अनुसार विषयसँग सम्बन्धित पदाधिकारी एवं विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।
(३) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।
(४) समितिको सचिवालयको रुपमा उद्योग मन्त्रालयको औद्योगिक प्रवर्द्धन महाशाखाले कार्य गर्नेछ ।

१४. **समितिको काम, कर्तव्य र अधिकार:** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-
(क) दफा ४ को उपदफा (१) को खण्ड (ज) बमोजिम सार्वजनिक निकायले उपयोग गर्ने अन्य मालसामान तथा वस्तुहरु तोकी नेपाल सरकार समक्ष सिफारिस गर्ने,
(ख) स्वदेशी वस्तुको उपयोग एवं त्यस्ता वस्तु उपयोगका सम्बन्धमा कुनै द्विविधा पर्न गएमा सो को अन्तिम व्याख्या गर्ने र निर्णय गर्ने,
(ग) सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारी, सम्बन्धित मन्त्रालय, सबै सार्वजनिक निकायका उच्च तहको नियमित अनुगमनबाट प्राप्त प्रतिवेदनहरु र महालेखा नियन्त्रक कार्यालय तथा महालेखा परिक्षकको कार्यालयको आन्तरिक तथा अन्तिम लेखापरीक्षणबाट प्राप्त भएका प्रतिवेदनहरु समेतलाई मध्यनजर राखी सार्वजनिक निकायमा काम गर्ने जुनसुकै स्तरका कर्मचारी भएपनि पुरस्कृत गर्ने तथा दण्ड सजायका लागि सिफारिस गर्ने,
(घ) सार्वजनिक निकायले स्वदेशी वस्तुको उपयोग गरे, नगरेको सम्बन्धमा निरीक्षण तथा अनुगमन गर्ने,
(ङ) उपसमितिलाई आवश्यक निर्देशन दिने,
(च) यस निर्देशिकामा समयसापेक्ष थपघट, परिमार्जन तथा संशोधन गर्नुपर्ने बुँदाहरु उल्लेख गरी नेपाल सरकार समक्ष सिफारिस गर्ने,
(छ) स्वदेशी वस्तुको उपयोग गर्ने सम्बन्धमा नेपाल सरकारले समय समयमा दिएका निर्देशनहरु कार्यान्वयन गर्ने, गराउने ।

१५. **कार्यान्वयन उपसमिति:**
(१) स्थानीय स्तरमा स्वदेशी वस्तुको उपयोग सम्बन्धी कार्यान्वयन उपसमिति रहनेछ ।
(२) उपदफा (१) बमोजिमको उपसमितिमा देहाय बमोजिमका सदस्य रहनेछन्:-
(क) सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय -संयोजक
(ख) प्रतिनिधि (अधिकृतस्तर), जिल्ला विकास समितिको कार्यालय -सदस्य
(ग) कोष नियन्त्रक, कोष तथा लेखा नियन्त्रक कार्यालय -सदस्य
(घ) प्रतिनिधि (अधिकृतस्तर), जिल्ला जनस्वास्थ्य/जिल्ला स्वास्थ्य कार्यालय -सदस्य
(ङ) अधिकृत (प्रा.), जिल्ला कृषि विकास कार्यालय -सदस्य
(च) सहायक वन अधिकृत, जिल्ला वन कार्यालय -सदस्य
(छ) अधिकृत प्रतिनिधि, गुणस्तर तथा नापतौल कार्यालय वा गुणस्तर तथा नापतौल विभागले तोकेको अधिकृत -सदस्य
(ज) प्रतिनिधि, जिल्ला उद्योग वाणिज्य संघ -सदस्य
(झ) प्रतिनिधि, नेपाल घरेलु तथा साना उद्योग महासंघ, जिल्ला शाखा -सदस्य
(ञ) प्रतिनिधि, लघु उद्यमी संघ, जिल्ला शाखा -सदस्य
(ट) कार्यालय प्रमुख, घरेलु तथा साना उद्योग कार्यालय/समिति -सदस्य सचिव
(३) उपसमितिमा आवश्यकता अनुसार विषयसँग सम्बन्धित कार्यालय प्रमुख वा अन्य कुनै विशेषज्ञलाई सदस्यको रुपमा आमन्त्रण गर्न सकिने छ ।
(४) उपसमितिको बैठक हरेक तीन महिनामा बस्नेछ ।
(५) उपसमितिको सचिवालयको रुपमा जिल्लास्थित घरेलु तथा साना उद्योग कार्यालय विकास समितिको कार्यालयले कार्य गर्नेछ ।

१६. **उपसमितिको काम, कर्तव्य र अधिकार:** उपसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-
(क) मालसामान तथा वस्तु गुणस्तर वा मापदण्ड बमोजिम भए नभएको एकिन गर्ने,
(ख) मालसामान तथा वस्तुको सूची तथा स्पेशिफिकेशन तयार गर्ने,
(ग) मालसामान तथा वस्तुको गुणस्तर मूल्याङ्कन गरी सिफारिस गर्ने,
(घ) दफा ३ को उपदफा (१) बमोजिम स्वदेशी मालसामान वा वस्तु उपलब्ध हुन नसकेको भन्ने सम्बन्धमा प्रमाणित गर्ने,
(ङ) स्थानीयस्तरका सार्वजनिक निकायहरुमा स्वदेशी वस्तुको प्रयोग भए नभएको सम्बन्धमा अनुगमन तथा निरीक्षण गर्ने । सोको प्रतिवेदन चौमासिक र वार्षिक रुपमा समितिमा पठाउने,
(च) स्थानीयस्तरमा उत्पादित वस्तुको लागत मूल्य तय गर्ने,
(छ) दफा ४ मा उल्लेख गरिएको स्वदेशी वस्तुहरुको समूहगत वर्गिकरणमा नपरेका अन्य स्वदेशी वस्तुहरुको पहिचान गर्ने,
(ज) नेपाल सरकार र समितिले तोकिदिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

१७. **बाधा अडकाउ फुकाउने:**
यस निर्देशिकाको उद्देश्य कार्यान्वयनका सिलसिलामा कुनै वाधा अड्काउ आइपरेमा समितिको सिफारिसमा उद्योग मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

१८. **निर्देशिकामा संशोधन तथा हेरफेर:**
नेपाल सरकारले समितिको सिफारिसमा यस निर्देशिकामा आवश्यकता अनुसार संशोधन तथा हेरफेर गर्न सक्नेछ ।

१९. **अमान्य हुने:**
यस निर्देशिकामा उल्लेखित प्रावधानहरु प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

२०. **खारेजी र बचाउ:**
(१) सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोग गर्ने सम्बन्धी निर्देशिका, २०६९ खारेज गरिएको छ ।
(२) सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोग गर्ने सम्बन्धी निर्देशिका, २०६९ बमोजिम भए गरेका काम कारबाहीहरु यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

